# निर्णयहरू

निर्णय नं. १ :

यस मेलम्ची नगरपालिका अन्तर्गत थप भएका साविकका भोटेचौर, हैबुङ्, थकनी र दुवाचौर गाविसका सडक मापदण्ड निर्धारणको लागि परामर्शदाताबाट पेश भएको प्रस्तावित प्रतिवेदन आजको बैठकमा पुन : छलफल गरियो । प्राप्त प्रतिवेदन बमोजिम उल्लेख भएको सडक मापदण्डको सम्वन्धमा पूर्वाधार विकास समितिमा छलफलको लागि पठाउँने र उक्त समितिबाट प्रतिवेदन प्राप्त भएपछि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :

मेलम्ची नगरपालिका अन्तर्गतका क्षेत्रमा बाढी, पहिरो, आगलागी तथा अन्य विपद्बाट मूल घर नष्ट वा क्षति भएमा प्रति घर रू. १०,०००।- र दैवी प्रकोप तथा विपद्बाट मानवीय क्षति भएमा एका घरका बढीमा २ जनसम्मलाई प्रति व्यक्ति रू. ५०००।- का दरले आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ३ :

यस मेलम्ची नगरपालिका वडा नं. ११ स्थित होटल रिभर साइड, मेलम्चीले खोला खोल्सीको मापदण्ड विपरित मेलम्ची खोलाको किनार भागबाट स्थायी भवन निर्माण गरेको र सो कार्य प्रचलित मापदण्ड विपरित भएको देखिएकोले निज होटलबाट निर्माण गरिएको भवन भत्काउँन लिखित अनुरोध गर्ने र निजले नभत्काएमा नगरपालिकाबाट हटाई/भत्काई सरकारी बाँकी सरह असूल गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :

मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न बजार क्षेत्रबाट उत्खनन्/संकलन भएको फोहोरमैलाको उचित व्यवस्थापन गरी नगरको सौन्दर्यमा वृद्धि गर्नको लागि उपयुक्त जग्गाको आवश्यकता रहेकोले उक्त जग्गा र फोहरमैला व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको ५ (पाँच) सदस्यीय उप समिति गठन गर्ने र सो उप समितिबाट फोहोरमैला व्यवस्थापनको लागि कार्त्तिक मसान्त भित्र फोहरमैला बिसर्जन स्थान पहिचान गरी राय सुझाब सहितको प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

तपशिल

१. श्री रूद्र प्रसाद दुलाल (वडा अध्यक्ष मेलम्ची न.पा. वडा नं. ११) - संयोजक
२. श्री भक्त बहादुर खड्का (वडा अध्यक्ष मेलम्ची न.पा. वडा नं. १०) - सदस्य
३. श्री कृष्ण प्रसाद चौलागाई (वडा अध्यक्ष मेलम्ची न.पा. वडा नं. १) - सदस्य
४. श्री जीतराज थापा (वडा अध्यक्ष मेलम्ची न.पा. वडा नं. ६) - सदस्य
५. श्री ज्ञानेन्द्र श्रेष्ठ (वडा अध्यक्ष मेलम्ची न.पा. वडा नं. ७) - सदस्य

निर्णय नं. ५ :

मेलम्ची नगरपालिका वडा नं. १२ स्थित माझी गाउँ एकिकृत बस्तीका लागि आ.व. २०७३/७४ मा घडेरी व्यवस्थापन तथा सडक निर्माण उपभोक्ता समितिबाट भएको काम तथा पेश हुन आएका कागजातका सम्बन्धमा एकिन गर्न मेलम्ची नगरपालिका १२ नं. का वडा अध्यक्ष श्री राम बहादुर लामाको अध्यक्षतामा एक सदस्यीय समिति गठन गर्ने र निजले प्राविधिकको सहयोगमा सम्बन्धीत सरोकारवालसंग छलफल गरी यथार्थ प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :

सम्पूर्ण नेपालीहरूको महान् चाड विजया दशमी, २०७४ को उपलक्ष्यमा मेलम्ची नगरबासीहरूमा सु-स्वस्थ्य, दिर्घायु, सुख, शान्ति र सम्वृद्धिको कामना सहित हार्दिक मंगलमय शुभकामना प्रदान गर्ने र सो अवसरमा मिति २०७४ असोज ८ गते विहान ७:०० बजे नगरपालिका प्राङ्गणमा चियापान तथा शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो ।

Scanned by CamScanner